समाधियोगबाट अविद्या आदि मल नष्ट भएको, आत्मस्थ भएर परमात्मामा चित्त लगाएको व्यक्तिलाई हुने परमात्माका योगको सुखलाई वाणीले भन्न सकिन्न, किनभने त्यस आनन्दलाई जीवात्मा आफ्नो अन्त:करणबाट ग्रहण गर्दछ। उपासना शब्दको अर्थ नजीक हुनुहो। अष्टाङ्गयोगद्वारा परमात्माको नजीक हुन र त्यसलाई सर्वव्यापी, सर्वान्तर्यामीरूपमा प्रत्यक्ष गर्नका निम्ति गर्नुपर्ने सबैकाम गर्नुपर्दछ। अर्थात्—

**तत्राऽहिंसासत्यास्तेयब्रह्मचर्याऽपरिग्रहा यमाः ॥**

—योगदर्शन २। ३०

इत्यादि सूत्र पातञ्जल योगशास्त्रका हुन्। उपासनाको आरम्भ गर्न चाहने व्यक्तिका लागि 'कसैसँग वैर नराख्नु सधैं सबैसँग प्रेम व्यवहार गर्नु', सत्यबोल्नु मिथ्या कहिल्यै नबोल्नु, चोरी नगर्नु सत्य व्यवहार गर्नु, जितेन्द्रिय हुनु लम्पट नहुनु र निरभिमानीहुनु अभिमान कहिल्यै नगर्नु, यी पाँच प्रकारका '**यम**' मिलेर उपासनायोगको प्रथम अङ्ग हुन्छ अर्थात् यिनै पाँच कुरा बाट उपासना आरम्भ हुन्छ।

**शौचसन्तोषतपःस्वाध्यायेश्वरप्रणिधानानि नियमाः ॥**

—योगसूत्र २। ३२

राग–द्वेष छोडेर भित्र जलादिद्वारा बाहिर पवित्र हुनु, धर्मपूर्वक आलस्य छोडेर सदा पुरुषार्थ गर्नेगर्नु, सदा दु:ख–सुखलाई सहेर धर्मकै अनुष्ठान गर्नु अधर्मको नगर्नु, सर्वदा सत्यशास्त्रहरूलाई पढ्नु–पढाउनु, सत्पुरुषहरूको संगत गर्नु र '**ओ३म्**' एक परमात्माका नामको अर्थ विचार गर्नु, नित्यप्रति जप गर्नु अनि आफ्नो आत्मालाई परमेश्वरका आज्ञानुकूल समर्पित गरिदिनु, यी पाँच प्रकारका '**नियम**' लाई मिलाएर '**उपासनायोगको दोश्रो अङ्ग**' भनिन्छ। यस पछिका छ अङ्ग योगशास्त्र वा ऋग्वेददिभाष्यभूमिकामा हेर्नुहोला।

उपासना गर्न चाहेमा एकान्त, शुद्ध ठाउँमा गएर, आसन लगाएर, प्राणायाम गरेर, बाह्यविषयहरूबाट इन्द्रियहरूलाई रोकेर, मनलाई नाभिप्रदेशमा, हृदय, कण्ठ, नेत्र, शिखा अथवा पिठयूँको मध्य हाडमा कुनै ठाउँमा स्थिर गरेर आफ्नो आत्मा र परमात्माको विवेचना गरेर परमात्मामा मग्न भएर संयमी हुनुपर्दछ।

यी साधन गर्नेको आत्मा र अन्त:करण पवित्र भएर सत्यले परिपूर्ण हुन्छ, नित्यप्रति ज्ञानविज्ञान बढाएर मुक्तिसम्म पुग्दछ। आठ पहरमा एक घडीमात्र पनि यसरी ध्यान गर्नेको सदा उन्नति हुँदै जान्छ। सर्वज्ञ आदि



गुणका साथ परमेश्वरको उपासना गर्नु '**सगुण**' र द्वेष, रूप, रस, गन्ध, स्पर्श आदि गुणरहित मानेर अतिसूक्ष्म आत्माको भित्र–बाहिर व्यापक परमेश्वरमा दृढ भई स्थित हुनु '**निर्गुण**' उपासना भनिन्छ।

यसको फल–जसरी जाडोले सताइएको व्यक्ति आगोछेउ गएमा त्यसको जाडो छुट्तछ, त्यस्तै परमेश्वर नजिक पुग्नाले सबै दोष, दु:ख छुटेर परमेश्वरका गुण–कर्म–स्वभाव जस्तै जीवात्माका गुण–कर्म–स्वभाव पवित्र हुन्छन्। यसकारण परमेश्वरको स्तुति, प्रार्थना र उपासना अवश्य गर्नुपर्दछ। यसको फल छुट्टै हुन्छ तर आत्माको बल यत्ति बढ्नेछ कि पर्वत समान दु:ख आइपरे पनि डराउने छैन र सबैलाई सहन गर्न सक्नेछ। के यो सानो तिनो कुरा हो? अनि परमेश्वरको स्तुति, प्रार्थना र उपासना नगर्ने व्यक्ति भने कृतघ्न र महामूर्ख पनि हुन्छ, किनभने जीवहरूका सुखका लागि यस जगत्का समस्त पदार्थ दिने परमात्माका गुणलाई बिर्सनु, ईश्वरलाई नै नमान्नु, कृतघ्नता र मूर्खता हो।

**प्रश्न**—परमेश्वरका कान, आँखा आदि इन्द्रिय छैनन् भने ऊ इन्द्रियहरूको काम कसरी गर्नसक्तछ?

**उत्तर**—

**अपाणिपादो जवनो ग्रहीता पश्यत्यचक्षुः स श्रृणोत्यकर्णः।**
**स वेत्ति विश्वं न च तस्यास्ति वेत्ता तमाहुरग्रयं पुरुषं पुराणम्॥ १ ॥**

—यो उपनिषद्को (श्वेताश्वतर ३। १९) वचन हो।

परमेश्वरका हात छैनन्, तर आफ्नो शक्तिरूपी हातबाट सबैको रचना, ग्रहण गर्दछ। खुट्टा छैनन्, तर व्यापक हुनाले सर्वाधिक वेगवान् छ। आँखाका नानी छैनन्, तर सबैलाई जस्ताको तस्तै देख्तछ। कान छैनन्, तर सबैका कुरा सुन्दछ। अन्त:करण छैन, तर सम्पूर्ण जगत्लाई जान्दछ र उसलाई अवधिसहित यस्तो यत्रो भनेर जान्ने कोही पनि छैन। त्यसैलाई सनातन, सर्वश्रेष्ठ र सबैमा पूर्ण हुनाले '**पुरुष,** भन्दछन्। ऊ इन्द्रियहरू र अत:करणबाट हुने काम आफ्नै सामार्थ्यबाट गर्दछ॥ १ ॥

**प्रश्न**—धेरैजसो मानिस परमेश्वरलाई निष्क्रिय र निर्गुण भन्दछन् नित, यो के कुरा हो?

**उत्तर**—

**न तस्य कार्य्यं च विद्यते न तत्समश्चाभ्यधिकश्च दृश्यते।**
**परास्य शक्तिर्विविधैव श्रूयते स्वाभाविकी ज्ञानबलक्रिय च॥ १ ॥**

—यो उपनिषद्को (श्वेताश्वतर ६। ८) वचन हो।



PDFill PDF Editor with Free Writer and Tools

परमेश्वरलाई उसले गरे जस्तैकार्य वा करण अर्थात् निकटतम साधकको कुनै अपेक्षा हुँदैन। उ तुल्य वा ऊभन्दा बढी कोही पनि छैन। उसमा सर्वोत्तम शक्ति, अनन्तज्ञान, अनन्तबल र अनन्तक्रिया स्वाभाविक अर्थात् सहज छ भन्ने सुनिन्छ। परमेश्वर निष्क्रिय भएको भए जगत् उत्पत्ति, स्थिति, प्रलय गर्नसक्ने थिएन। यसकारण ऊ विभु अर्थात् व्यापक छ चेतन हुनाले उसमा क्रिया पनि छ॥

**प्रश्न**—उसले क्रिया गर्दा अन्त हुने वा अनन्त कस्तो क्रिया हुन्छ होला ?

**उत्तर**—ऊ विद्वान् हुनाले जति देश, कालमा क्रिया गर्न उचित सम्झन्छ त्यति नै देश कालमा क्रियागर्दछ, धेरै वा थोरै गर्दैन।

**प्रश्न**—परमेश्वर आफ्नो अन्त जान्दछ वा जान्दैन ?

**उत्तर**—परमात्मा पूर्ण ज्ञानी छ। किनभने जस्ताको तस्तै जान्नु नै ज्ञान भनिन्छ। अर्थात् जुन पदार्थ जस्तो छ, त्यसलाई त्यस्तै जान्नु नै '**ज्ञान**' हो। परमेश्वर अनन्त छ भने त्यसलाई अनन्तै जान्नु ज्ञान र यसविरुद्ध अज्ञान हुन्छ। अर्थात् अनन्तलाई सान्त र सान्तलाई अनन्त जान्नु '**भ्रम**' भनिन्छ। '**यथार्थदर्शनं** ज्ञान जसको जस्तो गुण, कर्म, स्वभाव छ, त्यस पदार्थलाई त्यस्तै जानेर मान्नु नै ज्ञान र विज्ञान' भनिन्छ र यसको मिति उल्टो अज्ञान हुन्छ। यसकारण—

**क्लेशकर्मविपाकाशयैरपरामृष्टः पुरुषविशेष ईश्वरः ॥**

—योगसूत्र १।२४

अविद्या आदि क्लेश, कुशल–अकुशल, इष्ट–अनिष्ट र मिश्रफल–दायक कर्मका वासनारहित, सबै जीवहरूमा विशेष 'ईश्वर' भनिन्छ॥

**प्रश्न**— **ईश्वरासिद्धेः ॥ १ ॥** —सांख्यसूत्र १।९२

**प्रामाणाभावान्न तत्सिद्धिः ॥ २ ॥** —सांख्यसूत्र ५।१०

**सम्बन्धाभावान्नानुनम् ॥ ३ ॥** —सांख्यसूत्र ५।११

प्रत्यक्षद्वारा ईश्वरको सिद्ध हुँदैन॥ १ ॥ उसको सिद्धिमा प्रत्यक्ष नै नहुनाले अनुमान आदि प्रमाण घटित हुन सक्तैनन्॥ २॥ र व्याप्ति सम्बन्ध नहुनाले अनुमान पनि हुन सक्तैन। अनि प्रत्यक्ष र अनुमान नहुनाले शब्द प्रमाण आदि पनि घटित हुन सक्तैनन्। यसकारण ईश्वर सिद्ध हुन सक्तैन॥ ३ ॥

**उत्तर**—यहाँ ईश्वर सिद्धिमा प्रत्यक्ष प्रमाण छैन र ईश्वर जगत्को उपादान कारण पनि होइन। साथै पुरुषभन्दा विलक्षण अर्थात् सर्वत्र पूर्ण हुनाले परमात्माको नाम पुरुष र शरीरमा शयन गर्नाले जीवको



पनि नाम पुरुष हो। किनकि यसै प्रकरणमा भनिएको छ—

**प्रधानशक्तियोगाच्चेत् सङ्गापत्तिः ॥ १ ॥**

**सत्तामात्राच्चेत् सर्वैश्वर्य्यम् ॥ २ ॥**

**श्रुतिरपि प्रधानकार्यत्वस्य ॥ ३ ॥** —सांख्यसूत्र ५।८, ९, १२

पुरुषसँग प्रधानशक्तिको योग भए पुरुषमा सङ्गापत्ति हुनेछ। अर्थात् जसरी प्रकृति सूक्ष्ममा मिलेर कार्यरूपमा सङ्गत भएको छ, त्यस्तै परमेश्वर पनि स्थूल हुनेकुरा आउने छ। यसकारण परमेश्वर जगत्को उपादानकारण नभएर निमित्त कारण हो॥ १ ॥ चेतनबाट जगत् उत्पत्ति मानेमा जसरी परमेश्वर समग्र ऐश्वर्ययुक्त छ, त्यस्तै संसारमा पनि सर्वैश्वर्य योग हुनुपर्ने कुरा आउँछ, तर यस्तो छैन। यसकारण परमेश्वर जगत्को उपादानकारण होइन, निमित्तकारण हो॥ २ ॥ किनकि उपनिषद्मा पनि प्रधान=प्रकृतिलाई नै जगत्को उपादानकारण बताइएको छ॥ ३ ॥ जस्तै—

**अजामेकां लोहितशुक्लकृष्णां बह्वीः प्रजाः सृजमानां स्वरूपाः॥** —यो श्वेताश्वतर उपनिषद्को (४।५) वचन हो।

जन्मरहित सत्व–रज–तमोगुणरूप प्रकृतिनै स्वरूपाकारद्वारा धेरै प्रजारूप् हुन्छ। अर्थात् प्रकृति परिणामी हुनाले अवस्थान्तर=अर्को अवस्था धारण गर्दछ। पुरुषभने अपरिणामी हुनाले अवस्थान्तर भएर कहिल्यै अर्को रूप लिन सक्तैन, सदा कूटस्थ, निर्विकार रहन्छ। प्रकृतिचाहिं सृष्टिमा सविकार प्रलयमा निर्विकार रहन्छ। यसकारण कपिलाचार्य्यलाई अनीश्वरवादी भन्ने व्यक्तिलाई नै अनिश्वरवादी मान्नु उचित हुन्छ, कपिलाचार्य्यलाई होइन। यस्तै मीमांसाको धर्म–धर्मीबाट ईश्वर सिद्ध हुन्छ भने वैशेषिक र न्यायपनि '**आत्मा**' शब्दबाट अनीश्वर–वादी होइनन् भन्ने बुझिन्छ। किनभने सर्वज्ञत्व आदि धर्मभएको र '**अतित सर्वत्र व्याप्नोतीत्यात्मा**' सर्वत्र व्यापक तथा सर्वज्ञ आदि धर्मयुक्त सबै जीवका आत्मालाई मीमांसा, वैशेषिक र न्याय ईश्वर मान्दछन्।

**प्रश्न**—ईश्वर अवतार लिन्छ वा लिदैन ?

**उत्तर**—लिदैन। किनकि '**अज एकपात्**' '**स पर्य्यगाच्छुक्रमकायम्**' यी यजुर्वेदको (३४।५३ र ४०।८) वचन हुन्। यस्ता वचनहरूबाट परमेश्वर जन्म लिदैन भन्ने कुरा सिद्ध छ।

**प्रश्न**—

**यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत।**
**अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥ १ ॥**

—भगवद्गीता ४।७



PDFill PDF Editor with Free Writer and Tools

श्री कृष्णजी भन्नुहुन्छ—जब जब धर्म लोपहुन्छ तब तब म शरीर धारण गर्दछु।

**उत्तर**—यो कुरा वेद विरुद्ध हुनाले प्रमाण होइन। अनि यसो पनि हुन सक्तछ कि श्रीकृष्ण धर्मात्मा थिए र धर्म रक्षा गर्न चाहन्थे। यस कारण 'म युग युगमा जन्म लिएर श्रेष्ठहरूलाई रक्षा र दुष्टहरूलाई नाश गर्छु' भन्नुमा केही दोष छैन। किनकि '**परोपकाराय सतां विभूतयः**' सत्पुरुषहरूको तन–मन–धन परोपकार निम्ति हुन्छ। तर यसबाट श्रीकृष्ण ईश्वर हुन सक्तैनन्॥

**प्रश्न**—यसो हो भने संसारमा ईश्वरका चौबीस अवतार हुन्छन् भनिन्छ, यिनलाई अवतार किन भन्दछन्?

**उत्तर**—वेदको अर्थ नजान्नेले, सम्प्रदायी व्यक्तिहरूले झुक्याउनाले र आफैं अविद्वान् भएर भ्रमजालमा फसेर यस्ता यस्ता अप्रमाणिक कुरा गर्दछन् र मान्दछन्।

**प्रश्न**—ईश्वर अवतार लिदैन भने कंस, रावण आदि दुष्टहरू नाश कसरी हुनसक्थ्यो?

**उत्तर**—पहिलो कुरा त जो जन्मेको छ, त्यो अवश्य मर्ने नै छ। अवतार लिई शरीर धारण नगरीकनै जगत् उत्पत्ति–स्थिति–प्रलय गर्ने ईश्वरसामु कंस र रावण आदि एउटा सानो कीरा भुसुना सरह पनि होइनन्। ऊ सर्वव्यापक हुनाले कंस, रावण आदिका शरीरमा पनि परिपूर्ण भैरहेकै छ भने उसले चाहेको बेलामा तिनको मर्मच्छेद गरेर नाश गर्न सक्तछ। यस अनन्त गुण–कर्म स्वभावयुक्त परमात्मालाई एउटा क्षुद्र जीव मार्न जन्मरणयुक्त भन्नेको मूर्खपन बाहेक अरू कुनै विशेष उपमा पाइएला र?

कसैले भक्तजनलाई उद्धार गर्न भगवान्ले जन्म लिन्छ भन्छ भने त्यो सत्य होइन। किनभने ईश्वरका आज्ञानुसार चल्ने भक्तजनको उद्धार गर्ने पूर्ण सामर्थ्य ईश्वरमा छँदैछ ईश्वर द्वारा पृथ्वी, सूर्य, चन्द्र आदि जगत्लाई बनाउने, धारण गर्ने र प्रलय गर्ने कार्य भन्दा के कंस रावण आदिका वध र गोवर्धन आदि पर्वतलाई उठाउने काम ठूला हुन् र? यस सृष्टिमा परमेश्वरका कर्मको विचार कसैले गरेमा '**न भूतो न भविष्यति**' ईश्वर जस्तो न कोही छ, न हुनेछ। युक्तिद्वारा पनि ईश्वरको जन्म सिद्ध हुँदैन। जस्तै कसैले अनन्त आकाशलाई '**गर्भस्थ भयो**' वा '**मुट्ठीमा राखियो**' भन्छ भने यो कहिल्यै सत्य हुन सक्तैन। किनभने आकाश अनन्त र सबैमा व्यापक हुनाले उसको आउने–जाने कुरा



कहिल्यै सिद्ध हुनसक्तैन। न भएको ठाउँमा नै आउने–जाने कुरा सम्भव हुन्छ। के परमेश्वर गर्भमा व्यापक थिएन र, कतैबाट आयो भन्ने? अनि बाहिर थिएन र, भित्रबाट निस्कियो भन्ने? विद्याहीन बाहेक ईश्वरका बारेमा यस्तो अरू कसले भन्न र मान्न सक्तछ? यसकारण परमेश्वर आउने, जाने, जन्मने, मर्ने कुरा कहिल्यै सिद्ध हुनसक्तैन। यसै कारण '**इसा**' आदि पनि ईश्वरका अवतार होइनन् भन्ने कुरा बुझ्नुपर्दछ। किनकि रागद्वेष, भोक–तिर्खा भय–शोक, दुःख–सुख, जन्म–मरण आदि गुणयुक्त हुनाले उनी मानिस नै थिए।

**प्रश्न**—ईश्वर आफ्ना भक्तको पाप क्षमा गर्दछ वा गर्दैन?

**उत्तर**—गर्दैन। किनभने उसले पापक्षमा गरेमा उसको न्याय नष्ट हुनेछ र सबै मानिस महापापी हुनेछन्। किनकि क्षमाको कुरा सुन्दैमा मानिसमा पाप गर्न निर्भयता र उत्साह हुनेछ। जसरी राजाले अपराध क्षमा गरिदिएमा उत्साहपूर्वक झन् झन् ठूला अपराध गर्नेछन्। किनकि अपराधीलाई पनि राजा अपराध क्षमा गर्नेछ र राजा सामु हात जोड्ने आदि चेष्टा गरेर आफ्नो अपराध छुटाइ लिने छौं भन्ने विश्वास हुनेछ र अपराध नगर्नेहरू पनि निर्भय भएर पाप गर्न लाग्नेछन्। यसकारण सबै कर्महरूको यथावत् फल दिनुनै ईश्वरको काम हो, क्षमा गर्नु होइन।

**प्रश्न**—जीव स्वतन्त्र छ वा परतन्त्र?

**उत्तर**—आफ्ना कर्तव्य कर्महरूमा स्वतन्त्र र ईश्वरको व्यवस्थामा परतन्त्र छ। '**स्वतन्त्रः कर्त्ता**' (अष्टाध्यायी १।४।५४) यो पाणिनीय व्याकरणको सूत्र हो। स्वतन्त्र वा स्वाधीनलाई नै कर्त्ता भनिन्छ।

**प्रश्न**—स्वतन्त्र कसलाई भनिन्छ?

**उत्तर**—जसको अधीन शरीर, प्राण, इन्द्रिय र अन्तःकरण आदि हुन्छन्, त्यसलाई स्वतन्त्र भनिन्छ। जीव स्वतन्त्र नभए उसलाई पाप–पुण्यको फल कहिल्यै प्राप्त हुन सक्तैन। किनकि जसरी सेनाध्यक्षको आज्ञा वा प्रेरणा पाएर भृत्य, स्वामी वा सेनाले अनेक व्यक्तिलाई मारेर पनि अपराधी हुँदैनन्, त्यस्तै परमेश्वरको प्रेरणा र अधीनतामा काम गरेमा जीवलाई पाप–पुण्य र नरक स्वर्ग अर्थात् सुख–दुःख पनि परमेश्वरलाई नै प्राप्त हुनेछ। त्यस फलको भागी प्रेरक परमेश्वरलाई नै प्राप्त हुनेछ। जसरी कुनै मानिसले शस्त्रविशेष द्वारा कसैलाई मार्यो भने त्यही मार्ने व्यक्ति समातिने छ र त्यसैले दण्ड पाउने छ, शस्त्रले होइन। त्यस्तै पराधीन जीव पाप–पुण्यको भागी हुनसक्तैन। यसकारण आफ्नो



PDFill PDF Editor with Free Writer and Tools

सामर्थ्य अनुकूल कर्म गर्न जीव स्वतन्त्र छ। तर उसले पाप गरिसकेपछि भने ईश्वरको व्यवस्थामा पराधीन भएर फल भोग्दछ। यसकारण जीव कर्म गर्न स्वतन्त्र र पापका दुःखरूप भोग्न परतन्त्र हुन्छ।

**प्रश्न**—परमेश्वरले जीवलाई नबनाएर सामर्थ्य नदिएको भए जीव केहीपनि गर्न सक्ने थिएन। यसकारण परमेश्वरका प्रेरणाले नै जीव कर्म गर्दछ, होइन र?

**उत्तर**—जीव कहिल्यै उत्पन्न भएको होइन, अनादि हो। जसरी ईश्वर र जगत्को उपादानकारण नित्य छ र शरीर र इन्द्रियका गोलक परमेश्वरद्वारा बनाइएका हुन् तर ती सबै जीवकै अधीन छन्। मन–कर्म–वचनबाट पाप–पुण्य गर्नेले नै फल भोग्दछ, ईश्वरले होइन। जस्तै कसैले पहाडबाट फलाम झिक्यो, त्यस फलामलाई कुनै व्यापारीले किन्यो, त्यसको पसलबाट कुनै कामीले लिएर झिक्ने, त्यसबाट लिने, तरवार बनाउने र तरवार समातेर राजाले दण्ड दिदैन तर जसले तरवारले मार्यो त्यसैले दण्ड पाउँछ। यसै गरी शरीर आदिलाई उत्पन्न गर्ने परमेश्वर त्यसका कर्मलाई भोग्ने नभई जीवबाट भोगाउने हुन्छ। परमेश्वर कर्म गराउने भएको भए कुनै पनि जीवले पाप गर्ने थिएन। किनकि परमेश्वर पवित्र र धार्मिक हुनाले कुनै जीवलाई पाप गर्न प्रेरणा गर्दैन। यसकारण जीव आफ्नो काम गर्न स्वतन्त्र छ। जसरी जीव आफ्नो काम गर्न स्वतन्त्र छ, त्यस्तै परमेश्वर पनि आफ्नो काम गर्न स्वतन्त्र छ।

**प्रश्न**—जीव र ईश्वरको स्वरूप, गुण कर्म, र स्वभाव कस्तो छ?

**उत्तर**—दुवै चेतनस्वरूप छन्। दुबैको स्वभाव पवित्र, अविनाशी र धार्मिकता आदि छ। तर सृष्टि उत्पत्ति–स्थिति–प्रलय गर्नु, सबैलाई नियममा राख्नु, जीवहरू पाप पुण्यको फल दिनु आदि परमेश्वरका धर्मयुक्त कर्म हुन्। र जीवका सन्तानोत्पत्ति, तिनको पालन, शिल्पविद्या आदि असल खराब कर्म हुन्। नित्य ज्ञान, आनन्द, अनन्तबल आदि ईश्वरका गुण हुन्। र जीवका—

**इच्छाद्वेषप्रयत्नसुखदुःखज्ञान्यात्मनो लिङ्गमिति॥**

—न्यायदर्शन १।१।१०

**प्राणापाननिमेषोन्मेषमनोगतीन्द्रियान्तर्विकाराः सुखदुःखेच्छाद्वषे प्रयत्नाश्चात्मनो लिङ्गानि॥** —वैशेषिकदर्शन ३।२।४

**( इच्छा )** पदार्थहरू प्राप्तिको अभिलाषा, **( द्वेष )** दुःखादिको अनिच्छा, वैर, **( प्रयत्न )** पुरुषार्थ, बल, **( सुख )** आनन्द, **( दुःख )** विलाप, अप्रसन्नता, **( ज्ञान )** विवेक, चिन्नु यी तुल्यगुण हुन्। तर



वैशेषिकमा **( प्राण )** प्राणवायुलाई बाहिर निकाल्नु, **( अपान )** प्राणलाई बाहिरबाट भित्र लिनु, **( निमेष )** आँखा चिम्लनु, **( उन्मेष )** आँखा उघार्नु, **( मन )** निश्चय स्मरण र अहङ्कार गर्नु, **( गति )** हिंड्–डुल गर्नु, **( इन्द्रिय )** सबै इन्द्रियहरूलाई चलाउनु, **( अन्तर्विकार )** छुट्टाछुट्टै भोक–तिर्खा, हर्ष–शोक आदिले युक्त हुनु, यी जीवात्माका गुण परमात्मा भन्दा भिन्न हुन्। यिनैबाट आत्माको परिचय गर्नुपर्दछ, किनभने त्यो स्थूल छैन। आत्मा शरीरमा रहुन्जेन मात्र यी गुण प्रकाशित रहन्छन्। शरीरलाई छोडेर गएपछि शरीरमा यी गुण रहँदैनन्। कोही हुँदा हुने र नहुँदा नहुने गुण त्यसैका हुन्छन्। जस्तै दियो र सूर्य आदि नहुँदा उज्यालो नहुनु र हुँदा हुनु हुन्छ, त्यस्तै जीव र परमात्माको विशेषज्ञान गुणद्वारा हुन्छ।

**प्रश्न**—परमेश्वर त्रिकालदर्शी हुनाले भविष्यका कुरा जान्दछ,ऊ जस्तो निश्चय गर्नेछ, जीव त्यस्तै गर्नेछ। यसरी जीव स्वतन्त्र छैन। अनि जीवलाई ईश्वरले दण्ड पनि दिन सक्तैन, किनकि ईश्वरले आफ्नो ज्ञानद्वारा निश्चित गरे अनुसार नै जीव गर्दछ।

**उत्तर**—ईश्वरलाई त्रिकालदर्शी भन्नु मूर्खताको काम हो। किनभने भएर नरहने **'भूतकाल'** र नभएको हुने **'भविष्यकाल'** भनिन्छ। के ईश्वरलाई कुनै ज्ञान रहँदैन वा नभएको हुन्छ? यसकारण परमेश्वरको ज्ञान सदा एकरस अखण्डित वर्तमान रहिरहन्छ। भूत भविष्यत् जीवका लागि हो। हुँ जीवका कर्मको अपेक्षाले ईश्वरमा त्रिकालज्ञता छ, स्वतः छैन। जसरी जीव स्वतन्त्रतापूर्वक कर्म गर्दछ, त्यस्तै ईश्वर सर्वज्ञतापूर्वक जान्दछ। जस्तो ईश्वर जान्दछ त्यस्तै जीव गर्दछ। अर्थात् भूत, भविष्यत् र वर्तमानको ज्ञान र फल दिन ईश्वर स्वतन्त्र र जीव केही वर्तमानको ज्ञान कर्मगर्न स्वतन्त्र हुन्छ। ईश्वरको अनादि ज्ञान हुनाले जस्तो कर्मको ज्ञान हुन्छ त्यस्तै दण्ड दिने ज्ञान पनि अनादि हुन्छ। उसका दुबै ज्ञान सत्य हुन्। के कहिल्यै कर्मज्ञान सच्चा र दण्ड ज्ञान मिथ्या हुनसक्तछ? यसकारण यसमा कुनै दोष आउँदैन।

**प्रश्न**—जीव शरीरमा भिन्न रूपले विभु छ वा परिच्छिन्न?

**उत्तर**—परिच्छिन्न। विभु भएको भए जाग्रत, स्वप्न, सुषिप्ति, मरण, जन्म, संयोग, वियोग, जाने, आउने आदि कहिल्यै हुनसक्नेथिएन। यस कारण जीवको स्वरूप अल्पज्ञ, अल्प अर्थात् सूक्ष्म छ। परमेश्वर भने सूक्ष्म भन्दा पनि अत्यन्त सूक्ष्म, अनन्त, सर्वज्ञ र सर्वव्यापकस्वरूप छ। यसकारण जीव र परमेश्वरको व्याप्य–व्यापक भाव सम्बन्ध छ।



PDFill PDF Editor with Free Writer and Tools

**प्रश्न**—एउटा वस्तु रहेको ठाउँमा अर्को वस्तु रहनसक्तैन। यसकारण जीव र ईश्वरको संयोग–सम्बन्ध हुन सक्तछ, व्यप्य–व्यापक होइन।

**उत्तर**—यो नियम समान आकृति भएका पदार्थमा घटित हुनसक्तछ, असमान आकृतिमा सक्तैन। जस्तै फलाम स्थूल, अग्नि सूक्ष्म हुन्छ, यसकारण फलाममा विद्युत अग्नि व्यापक भएर एउटै ठाउँमा दुबै रहन्छन्। त्यस्तै जीव परमेश्वरभन्दा स्थूल र परमेश्वर जीवभन्दा सूक्ष्म हुनाले परमेश्वर व्यापक र जीव व्याप्य हो। जसरी यो व्याप्य–व्यापक सम्बन्ध जीव ईश्वरको हो, त्यस्तै सेव्य–सेवक, आधार–आधेय, स्वामी–भृत्य, राजा–प्रजा र पिता–पुत्र आदि सम्बन्ध पनि हुन्छन्।

**प्रश्न**—जीव र ईश्वर एउटै नभएर छुट्टाछुट्टै हुन् भने—

**प्रज्ञानं ब्रह्म॥ १॥** —ऐतरेय ५। ३

**अहं ब्रह्मास्मि॥ २॥** —बृहदारण्यक १। ४। १०

**तत्त्वमसि॥ ३॥** —छान्दोग्य ६। ८। ७

**अयमात्मा ब्रह्म॥ ४॥** —माण्डूक्य २

वेदका यी 'महावाक्य' हरूको अर्थ के हो?

**उत्तर**—यी वेदवाक्य नै होइनन्, यी त ब्राह्मणग्रन्थका वचन हुन्। सत्यशास्त्रहरूमा कतैपनि यिनको नाम 'महावाक्य' लेखिएको छैन। अर्थात् **( अहम् )** म **( ब्रह्म )** ब्रह्ममा स्थित **( अस्मि )** हुँ। यहाँ तात्स्थ्योपाधि छ। जस्तै—'**मञ्चाः क्रोशन्ति**' मञ्च पुकार्दछन्। मञ्च जडवस्तु हुनाले तिनमा पुकार्ने समार्थ्य छैन, त्यसकारण मञ्चमा बसेका मानिस पुकारर्दछन्, यस्तो अर्थ हुन्छ। यस प्रसङ्गमा पनि यस्तै बुझ्नुपर्दछ। कसैले ब्रह्ममा स्थित सबै पदार्थ छन्, अनि जीवलाई ब्रह्मस्थ भन्नुमा के विशेष रहस्य छ त? भन्छ भने यसको उत्तर यो हो कि सबै पदार्थ ब्रह्मस्थ भएतापनि जस्तो साधर्म्ययुक्त नजीक स्थित जीव हो, त्यस्तो अरू कुनै पदार्थ छैन। अनि जीवलाई ब्रह्मको ज्ञान हुन्छ र मुक्तिमा ऊ ब्रह्मको साक्षात्सम्बन्धमा रहन्छ। यसकारण जीवको ब्रह्मसँग तात्स्थ्य वा तत्सहचरितोपाधि छ अर्थात् ब्रह्मको सहचारी जीव हो। यसबाट जीव र ब्रह्म एउटै होइन भन्ने बुझिन्छ। जस्तै कसैले कसैसँग 'म र यो एउटै हौं अर्थात् एक अर्काको अविरोधी हौं' भन्दछ, त्यस्तै समाधिस्थ भएर परमेश्वरमा प्रेमबद्धभै निमग्न हुने जीवले 'म र ब्रह्म एक अर्थात् अविरोधी, एक अवकाशस्थ हौं' भन्न सक्तछ। परमेश्वरको गुण–कर्म स्वभाव अनुकूल आफ्ना गुण–कर्म–स्वभावलाई बनाउने जीवले नै साधर्म्यद्वारा ब्रह्मसँग एकताको कुरा भन्नसक्तछ।



**प्रश्न**—त्यसो भए यसको अर्थ कसरी गर्नेछै?—**( तत् )** ब्रह्म, **( त्वं )** तिमी जीव **( असि )** हौ। हे जीव! **( तत् )** त्यो ब्रह्म **( त्वम् )** तिमी नै **( असि )** हौ।

**उत्तर**—तिमी **तत्** शब्दको के अर्थ लगाउँछौ?

**प्रश्न**—ब्रह्म। **उत्तर**—ब्रह्मपदको अनुवृत्ति कहाँबाट ल्ययौ?

**प्रश्न**—'**सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम् ब्रह्म,** यस पूर्ववाक्यबाट।

**उत्तर**—तिमीले यस छान्दोग्योपनिषद्लाई देखेका पनि रहेनछौ। देखेका भए नभएको 'ब्रह्म' शब्दको पाठ बताएर झूठ किन बोल्नेथियौ र? '**छान्दोग्य**'मा त—'**सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम्**' (६। २। १) यस्तो पाठ छ, त्यहाँ 'ब्रह्म शब्द छैन।

**प्रश्न**—त्यसो भए तपाई 'तत्' शब्दको के अर्थ लगाउनुहुन्छ त?

**उत्तर**—'**स य एषोऽणिमैतदात्म्यमिदꣳ सर्वं तत्सत्य ꣳस आत्मा तत्त्वमसि श्वेतकेतो इति**'॥ —छान्दोग्य ६। ८। ७

त्यो परमात्मा जान्नयोग्य छ, जुन परमात्मा अत्यन्त सूक्ष्म र सबै जगत् र जीवको आत्मा हो। त्यही सत्यस्वरूप र आफ्नो आत्मा आफैं हो। हे प्रियपुत्र श्वेतकेतु! '**तदात्मकस्तदन्तर्यामी त्वमसि**' तिमी त्यस अन्तर्यामी परमत्मायुक्त छौ। यही अर्थ उपनिषद्हरू अनुकूल छ। किनकि—

**य आत्मनि तिष्ठन्नात्मनोऽन्तरोऽयमात्मा न वेद यस्यात्मा शरीरम्।**
**आत्मनोऽन्तरोमयति स त आत्मान्तर्याम्यमृतः॥**

—यो बृहदारण्यकको (माध्यन्दिन शत० १४। ६। ७। ३२) वचन हो।

महर्षि याज्ञलवल्क्य आफ्नी स्त्री मैत्रेयीसँग भन्नुहुन्छ—हे मैत्रेयी! परमेश्वर आत्मा अर्थात् जीवमा स्थित र जीवात्मा भन्दा भिन्नै छ। मूढ जीवात्मा '**त्यो परमात्मा म मा व्याप्त छ**' भन्ने कुरा जान्दैन। जीवात्मा जुन परमेश्वरको शरीर हो अर्थात् जसरी शरीरमा जीव रहन्छ त्यस्तै जीवमा परमेश्वर व्याप्त छ। जीवात्मा भन्दा भिन्नै रहेर, जीवका पाप–पुण्यको साक्षी भएर, ती पाप–पुण्यको फल जीवलाई दिएर नियममा राख्तछ। त्यही अविनाशीस्वरूप तिम्रो पनि अन्तर्यामी अर्थात् तिमी भित्र व्यापक छ, त्यसलाई तिमी जान, इत्यादि वचनहरू के कोही अर्कै अर्थ गर्नसक्तछ?

'**अयमात्मा ब्रह्म**' अर्थात् समाधिदशामा योगीलाई परमेश्वर प्रत्यक्ष



PDFill PDF Editor with Free Writer and Tools

भएपछि ऊ 'यो मभित्र व्यापक ब्रह्म नै सर्वत्र व्यापक छ' भन्दछ। यसकारण हिजोआजका जीव र ब्रह्मलाई एउटै मान्ने वेदान्तीहरू वेदान्तशास्त्रलाई जान्दैनन्।

**प्रश्न**—

**अनेनात्मना जीवेनानुप्रविश्य नामरूपे व्याकरवाणि ॥ १ ॥**

—छान्दोग्य उप० ६। ३। २

**तत्सृष्ट्वा तदेवानुप्राविशत् ॥ २ ॥**

—तैत्तिरीय उप० ब्रह्मानन्द वल्ली ६ ॥

परमेश्वर भन्दछ—म जगत् र शरीर रचना गरेर जगत्मा व्यापक र जीवरूप भएर शरीरमा प्रविष्ट हुँदै नाम रूपको व्याख्या गर्दछु ॥ १ ॥ परमेश्वरले जगत् र शरीरलाई बनाएर त्यसमा ऊ आफैं प्रविष्ट भयो ॥ २ ॥ इत्यादि श्रुतिहरूको अर्कै अर्थ कसरी गर्न सक्छौ ?

**उत्तर**—तिमीले पद, पदार्थ र वाक्यार्थ जानेकाभए यस्तो अनर्थ कहिल्यै गर्ने थिएनौ। यहाँ यस्तो बुझ—एउटा प्रवेश र अर्को अनुप्रवेश अर्थात् पछिको प्रवेश भन्ने बुझिन्छ। परमेश्वर शरीरमा प्रविष्ट भएका जीवहरूसित अनुप्रविष्टजस्तै भएर वेदद्वारा सबै नाम–रूप आदि विद्यालाई प्रकट गर्दछ। र शरीरमा जीवलाई प्रवेश गराएर आफू जीवभित्र अनुप्रविष्ट भैरहेको छ। तिमीले 'अनु' शब्दको अर्थ जानेका भए त्यस्तो उल्टो अर्थ कहिल्यै गर्ने थिएनौ।

**प्रश्न**—**'सोऽयं देवदत्तो य उष्णकाले काश्यां दृष्टः, स इदानीं प्रावृट्समये मथुरायां दृश्यते'** अर्थात् जुन देवदत्तलाई मैले गर्मीको याममा काशीमा देखेको थिएँ, त्यसैलाई वर्षा कालमा मथुरामा देख्तछु। यहाँ त्यो काशी देश, उष्णकाल र यो मथुरा देश वर्षाकाललाई छोडेर शरीरमात्रमा लक्ष्य गरेर देवदत्त लक्षित भएको छ। त्यस्तै यस **'भागत्यागलक्षणा'** द्वारा ईश्वरको परोक्ष देश, काल, माया, उपाधि र जीवको यो देश, । काल, अविद्या र अल्पज्ञता उपाधि छोडेर चेतनमात्रमा लक्ष्य लिइएकाले एउटै ब्रह्म वस्तु दुबैमा लक्षित हुन्छ। यस **'भागत्यागलक्षणा'** अर्थात् केही ग्रहण गर्नु र केही छोड्नु, जस्तै—सर्वज्ञत्व आदि वाच्यार्थ ईश्वर र अल्पज्ञत्व आदि वाच्यार्थ जीव छोडेर चेतनमात्र लक्ष्यार्थ ग्रहण गर्नाले अद्वैत सिद्ध हुन्छ। यसवारे केही भन्नसक्तछौ ?

**उत्तर**—पहिलो कुरा तिमी जीव र ईश्वरलाई नित्य मान्दछौ कि अनित्य ?



**प्रश्न**—यी दुबैको उपाधिजन्य कल्पित हुनाले अनित्य मान्दछौं ?

**उत्तर**—त्यस उपाधिलाई नित्य वा अनित्य के मान्दछौ ?

**प्रश्न**—हाम्रो विचारमा—

**जीवेशौ च विशुद्धाचिद्विभेदस्तु तयोर्द्वयोः।**
**अविद्या तच्चितोर्योगः षडस्माकमनादयः ॥ १ ॥**
**कार्य्योपाधिरयं जीवः कारणोपाधिरीश्वरः।**
**कार्यकारणतां हित्वा पूर्णबोधोऽवशिष्यते ॥ २ ॥**

यी **'संक्षेपशीरीरक'** र **'शारीरकभाष्य'** का कारिका हुन्। हामी वेदान्ती पहिलो जीव, दोस्रो ईश्वर, तेस्रो ब्रह्म, चौथो जीव र ईश्वर विशेष भेद, पाँचौं अविद्या=अज्ञान र छैठौं अविद्या र चेतन योग यी छ पदार्थलाई अनादि मान्दछौं। तर एउटा ब्रह्म अनादि अनन्त र अरू पाँच चाहिं अनादि सान्त हुन्, जस्तो कि प्रागभाव हुन्छ। अज्ञान रहेसम्म यी पाँचै रहन्छन्। यी पाँचैको आदि थाहा हुँदैन यसकारण अनादि, र ज्ञान भएपछि रहँदैनन् यसकारण सान्त अर्थात् नाशवान् भनिन्छ।

**उत्तर**—तिम्रा यी दुबै श्लोक अशुद्ध छन्। किनकि तिम्रै मतमा अविद्याको योग विना जीव र मायाको योग विना ईश्वर सिद्ध हुनसक्तैन। यसरी **'तच्चितोर्योगः'** तिमीलेनै मनेको छैठौं पदार्थ रहँदैन। किनकि त्यो अविद्या माया जीव ईश्वरमा चरितार्थ भयो। ब्रह्म माया र अविद्याको योग विना ईश्वर बन्दैन। फेरि ईश्वरलाई अविद्या र ब्रह्म भन्दा छुट्टै गणना गर्नु व्यर्थ हुन्छ। यसकारण तिम्रो मतमा ब्रह्म र अविद्या यी दुईमात्र पदार्थ सिद्ध हुन्छन्, छ पदार्थ हुँदैनन्।

अर्को कुरा, अनन्त, नित्य, शुद्ध, बुद्ध, मुक्तस्वभाव, सर्वव्यापक ब्रह्ममा अज्ञान सिद्ध भएमा मात्र प्रथम कार्योपाधि कारणोपाधिद्वारा जीव र ईश्वर सिद्ध हुनसक्तछ। उसको एकदेशमा स्वाश्रय र स्वविषयक अज्ञान अनादि सर्वत्र मान्दछौ भने सबै ब्रह्म शुद्ध हुनसक्तैन। एकदेशमा अज्ञान मान्दछौ भने ऊ परिच्छिन्न हुनाले आउने–जाने गर्नेछ। जहाँ–जहाँ जान्छ, त्यहाँ–त्यहाँको ब्रह्म अज्ञानी र जुन जुन ठाउँलाई छोड्दैजान्छ त्यस त्यस ठाउँका ब्रह्म ज्ञानी भैरहनेछ। यसरी कुनै ठाउँको ब्रह्मलाई अनादि, शुद्धयुक्त भन्न सक्नेछैनौ। अनि अज्ञानको सीमामा रहेको ब्रह्मले अज्ञानलाई नै जान्नेछ। बाहिरी र भित्री ब्रह्मका टुक्रा र हुनेछन्। 'टुक्रा भए होऊन् ब्रह्मको के हानि ?' भन्दछौ भने ऊ अखण्ड भएमा अज्ञानी भएन। अर्कोकुरा ज्ञानका अभाव वा विपरीत ज्ञान पनि गुण हुनाले कुनै द्रव्यसंग नित्यसम्बन्धले रहने छ। यस्तो हो भने, समवाय सम्बन्ध



PDFill PDF Editor with Free Writer and Tools

हुनाले अनित्य कहिल्यै हुनसक्तैन। अनि जस्तै शरीरको एक अङ्गमा खटिरो हुनाले पूरै शरीरमा दु:ख फैलिन्छ, त्यस्तै एक ठाउँमा अज्ञान–सुख–दु:ख –क्लेश हुनाले सम्पूर्ण ब्रह्म दु:खादिको अनुभव गर्ने हुनेछ र सबै ब्रह्मलाई शुद्ध बताउन सक्नेछैनौ। त्यस्तै कार्योपाधि अर्थात् अन्त:करण उपाधि योगले ब्रह्मलाई जीव मान्दछौं भने हामी 'ब्रह्म व्यापक छ वा परिच्छन्न ?' भन्नेकुरा सोद्धछौं। 'ब्रह्म व्यापक र उपाधि परिच्छिन्न छ अर्थात् एकदेशी र पृथक्–पृथक् छ' भन्छौ भने 'अन्त:करण चल्ने–फिर्ने गर्छ वा गर्दैन' भन्ने कुरा सोद्धछौं।

**प्रतिपक्षको उत्तर**—चल्दछ, फिर्दछ।

**सिद्धान्तपक्षको प्रश्न**—अन्त:करणसँगै ब्रह्मपनि चल्ने–फिर्ने गर्दछ वा स्थिर रहन्छ ?

**प्रतिपक्षको उत्तर**—स्थिर रहन्छ।

**सिद्धान्तपक्षको प्रश्न**—अन्त:करण जब जुन–जुन ठाउँलाई छोड्दछ, त्यस–त्यस ठाउँको ब्रह्म अज्ञानरहित र जहाँ–जहाँ अन्त:करण पुग्दछ त्यस–त्यस ठाउँको शुद्ध ब्रह्म अज्ञानी हुन्छ होला। यसबाट मोक्ष र बन्धन पनि क्षण भङ्गुर हुनेछ। जसरी अरूले देखेकालाई अर्कैले सम्झन सक्तैन त्यस्तै अघिल्लो दिन देखिए–सुनिएको वस्तु वा कुराको ज्ञान रहनसक्तैन। किनकि जुन बेला देखे–सुनेको थियो त्यो अर्कै ठाउँ र अर्कै समय थियो र स्मरण गर्ने ठाउँ र समय अर्कै हुनेछ।

ब्रह्म एउटै छ भन्छौ भने ऊ सर्वज्ञ किन होइन? अन्त:करण भिन्न–भिन्न हुनाले ऊ पनि भिन्न–भिन्न हुन्छ भन्छौ भने ऊ जड ठहर्नेछ र उसमा ज्ञान हुन सक्नेछैन। न त केवल ब्रह्मलाई न केवल अन्त:करणलाई ज्ञान हुन्छ तर अन्त:करणस्थ चिदाभासलाई ज्ञान हुन्छ भन्छौ भनेपनि चेतनलाई नै अन्त:करणद्वारा ज्ञान भयो भने ऊ नेत्रादिद्वारा अल्पज्ञ किन हुन्छ ? यसकारण कारणोपाधि र कार्योपाधिको योगले ब्रह्मलाई जीव र ईश्वर बनाउन सक्नेछौ। तर ईश्वर नाम ब्रह्मको हो ब्रह्म भन्दा भिन्न अनादि, अनुत्पन्न अमृतस्वरूप जीवको नाम जीव हो। तिमी 'जीव चिदाभासको नाम हो' भन्छौ भने ऊ क्षणभङ्गुर हुनाले नष्ट भई जानेछ, अनि मोक्षको सुख कसले भोग्ने ? यसकारण ब्रह्म जीव र जीव ब्रह्म न कहिल्यै भएको थियो, न छ र हुने पनि छैन।

**प्रश्न**—त्यसो भए '**सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम्**'॥ (छान्दोग्य) अद्वैतसिद्धि कस्तो हुने छ ? हाम्रो मतमा त ब्रह्म भन्दा पृथक् कुनै स्वजातीय, विजातीय र स्वागत अवयवहरू भेद न हुनाले



एउटा ब्रह्म नै सिद्ध हुन्छ। दोस्रो जीव छ भने अद्वैतसिद्धि कसरी हुन सक्तछ र ?

**उत्तर**—यस भ्रममा परेर किन डराउँछौ ? 'विशेष्य–विशेषण' विद्याको फल के हो ? भन्ने कुरा बुझ। '**व्यावर्त्तकं विशेषणं भवतीति**' विशेषण भेदकारक हुन्छ भन्छौ भने '**प्रवर्त्तकं प्रकाशकमपि विशेषणं भवतीत**' विशेषण प्रवर्त्तक र प्रकाशक पनि हुन्छ भन्ने कुरा पनि मान। त्यसो हुँदा अद्वैत विशेषण ब्रह्मको हो भन्ने कुरा बुझ। यसमा अद्वैतले वस्तु अर्थात् अनेक जीव तत्व देखि ब्रह्मलाई पृथक् गर्दछ, यही यसमा व्यावर्त्तक धर्म हो र ब्रह्म एउटै हुने कुराको प्रवृत्ति गर्नु विशेषणको प्रकाशक धर्म हो। जस्तै—'**अस्मिन्नगरेऽद्वितीयो धनाढ्य देवदत्त: अस्यां सेनायामद्वितीय: शूरवीरो विक्रमसिंह:**' कसैले कसैसँग भन्यो–यस नगरमा अद्वितीय धनाढ्य देवदत्त र यस सेनामा अद्वितीय शूरवीर विक्रमसिंह छ। यसबाट के सिद्ध भयो भने यस शहरमा देवदत्त जस्तो अर्को धनाढ्य र यस सेनामा विक्रमसिंह जस्तै शूरवीर अरू कुनै छैन, सो भन्दा कम चाहिं हुन् र पृथ्वी आदी जड़ पदार्थ पशु आदी प्राणी र वृक्षादि पनि छन्, तिनको निषेध हुँदैन। त्यस्तै ब्रह्म जस्तो जीव वा प्रवृत्ति होइनन्, सो भन्दा कम चाहिं हुन् भन्ने कुरा स्पष्ट हुन्छ।

यसबाट के सिद्ध भयो भने ब्रह्म सदा एउटै छ र जीव तथा प्रकृतिस्थ तत्त्व अनेक छन्। ती तत्वदेखि छुट्याएर ब्रह्मको एकत्व सिद्ध गर्ने विशेषण अद्वैत वा अद्वितीय हो। यसबाट जीव वा प्रकृतिको र कार्यरूप जगत्को अभाव र निषेध हुनसक्तैन। यी सब छन् तर ब्रह्म तुल्य छैनन्। यसबाट अद्वैतसिद्ध वा द्वैतसिद्धिमा कुनै बाधा पर्दैन। न डराई, विचलित नभई सोच र सम्झ।

**प्रश्न**—ब्रह्मका सत्, चित्, आनन्द र जीवका अस्ति, भाति, प्रियरूपसँग एकता हुन्छ। अनि किन खण्डन गर्दछौ त ?

**उत्तर**—केही साधर्म्य हुँदैमा एकता हुनसक्तैन। जसरी पृथ्वी जड, दृश्य त्यस्तै जल, अग्नि आदि पनि जड र दृश्य छन्, यत्तिकैमा एकता हुन सक्तैन। यिनमा वैधर्म्य–भेदकारम अर्थात् विरुद्ध धर्म, जस्तै गन्ध, रूक्षता, कठोरता आदि गुण पृथ्वीका र रस, द्रवत्व कोमलता मानिस र कीरा आँखाले देख्ने, मुखले खाने र खुट्टाले हिंड्ने हुन्छन् तथापि मानिसको आकृति, दुई खुट्टा र कीराको आकृति, अनेक खुट्टा आदि भिन्न–भिन्न हुनाले एकता हुँदैन। त्यस्तै परमेश्वरका अनन्तज्ञान, आनन्द, बल, क्रिया निर्भ्रान्तित्व र व्यापकता जीव भन्दा र जीवका अल्पज्ञान,



PDFill PDF Editor with Free Writer and Tools

अल्प बल, अल्प स्वरूप सबै भ्रान्तित्व र परिच्छिन्नता आदि गुण ब्रह्मभन्दा भिन्न हुनाले जीव र परमेश्वर एउटै होइनन्। किनकि परमेश्वर अतिसूक्ष्म र जीव ऊ भन्दा केही स्थूल हुनाले यिनको स्वरूप पनि भिन्नै छ।

**प्रश्न—अथोदरमन्तरं कुरुते, अथ तस्य भयं भवति।** (तै० उप० ब्रह्म० अनु० ७) **द्वितीयाद् वै भयं भवति।** यो बृहदारण्यकको (१। ४। २) वचन हो। ब्रह्म र जीवमा अलिकति पनि भेद गर्नेलाई भयहुन्छ, किनकि भय अर्कोदेखि नै हुन्छ।

**उत्तर**—यसको यो अर्थ होइन। यसको अर्थ हो—परमेश्वरको निषेध गर्ने, परमात्मालाई कुनै एउटा स्थान वा समयमा परिच्छिन्न मान्ने, उसको आज्ञा र गुण कर्म स्वभाव विरुद्ध हुने अथवा कुनै अर्को मानिससँग वैर गर्ने जीवलाई भय हुन्छ। किनकि दोस्रो बुद्धि अर्थात् ईश्वरसँग मेरो कुनै सम्बन्ध छैन वा कुनै मानिससँग 'तँलाई म केही ठान्दिन, तँ मेरो केही गर्ने सक्तैनस्' आदि भन्ने, कसैको हानि गर्ने र दु;ख दिइरहनेलाई तीबाट भय हुन्छ। कुनै किसिमको विरोध न भएमा भने एक भनिन्छ। जस्तै संसारमा 'देवदत्त यज्ञदत्त र विष्णु भित्र एउटै छन्, अर्थात् अविरोधी छन्' भनिन्छ। विरोध नहुँदा सुख र विरोधबाट दु:ख प्राप्त हुन्छ।

**प्रश्न**—ब्रह्म र जीवको सधैं एकता-अनेकता रहन्छ अथवा कुनै वेला दुबै मिलेर एउटै पनि हुन्छन् वा हुँदैनन्?

**उत्तर**—अहिले माथि यसको केही उत्तर दिइसकिएको छ। तर साधर्म्य अन्वयभावद्वारा एकता हुन्छ जसरी आकाशभन्दा मूर्त द्रव्य जडत्व हुनाले र कहिल्यै छुट्टै नरहनाले एकता हुन्छ र आकाश विभू, सूक्ष्म, रूप, अनन्त आदि गुणयुक्त र मूर्त्त द्रव्य परिच्छिन्न, दृश्यत्व आदि वैधर्म्य हुनाले भेद हुन्छ। अर्थात् जसरी पृथ्वी आदि द्रव्य आकाशभन्दा भिन्नै कहिल्यै रहँदैनन्, किनकि अन्वय अर्थात् आकाश विना मूर्त्तद्रव्य कहिल्यै रहनसक्तैन, र व्यक्तिरेक अर्थात् स्वरूपमा भिन्न हुनाले पृथकता हुन्छ। त्यस्तै ब्रह्म व्यापक हुनाले जीव र पृथ्वी आदि द्रव्य ऊ देखि अलग रहदैनन् र स्वरूपमा एउटै पनि हुँदैनन्। जसरी घर बनाउनु अघि छुट्टाछुट्टै ठाउँमा माटो, काठ र फलाम आदि पदार्थ आकाशमा रहन्छन्, घर बनिसकेपछि पनि आकाशमै रहन्छन् र त्यो घर नष्ट भई सकेपछि पनि भिन्न-भिन्न ठाऊँमा रहेका त्यस घरका सबै अवयव आकाश मैं रहन्छन् र स्वरूपमा भिन्न हुनाले ती अवयव न कहिल्यै एक भएका थिए, न हुन्छन् र कहिल्यै एक हुने पनि छैनन्।



यसै गरी जीव तथा सबै संसारका पदार्थ परमेश्वरमा व्याप्त हुनाले तिनैकालमा परमेश्वरदेखि अभिन्न र स्वरूपले भिन्नै हुनाले भने एउटै कहिल्यै हुन सक्तैनन्।

हिजो-आजका वेदान्तीहरूको दृष्टि कानो व्यक्ति जस्तै अन्वय तर्फ मात्र परेर व्यतिरेक भावदेखि छुटेर विरुद्ध भएको छ। सगुण-निर्गुणता, अन्वय-व्यतिरेक, साधर्म्य-वैधर्म्य र विशेष्य विशेषणभाव नभएको कुनै पनि द्रव्य हुँदैन।

**प्रश्न**—परमेश्वर सगुण छ वा निर्गुण?

**उत्तर**—सगुण पनि छ, निर्गुण पनि छ।

**प्रश्न**—के एउटै दापमा दुईवटा तरवार कहिल्यै रहनसक्तछन् र? एउटै पदार्थमा सगुणता र निर्गुणता पनि कसरी रहनसक्तछ?

**उत्तर**—जसरी जडपदार्थमा रूप आदि गुण त छन् तर ज्ञान चेतन पदार्थका गुण जडपदार्थमा छैनन्, त्यस्तै चेतनमा इच्छा आदि गुण त छन् तर रूप आदि जडका गुण छैनन्। यसकारण—'**यद् गुणैस्सह वर्तमानं तत् सगुणम्**', '**गुणेभ्यो यन्निर्गतं पृथग्भूतं तन्निर्गुणम्**' गुण भएकालाई '**सगुण**' र गुण नभएकालाई '**निर्गुण**' भनिन्छ। आ-आफ्ना स्वभाविक गुण भएका र अरू विरोधीका गुण नभएका हुनाले सबै पदार्थ सगुण र निर्गुण हुन्छन्। केवल निर्गुणता वा केवल सगुणता मात्र भएको कुनैपनि पदार्थ हुँदैन, एउटै पदार्थमा सदा सगुणता र निर्गुणता पनि रहन्छ। त्यस्तै परमेश्वर आफ्ना अनन्तज्ञान, बाल आदि गुण सहित हुनाले '**सगुण**' र रूप आदि जड पदार्थका तथा द्वेष आदि जीवका गुणरहित हुनाले '**निर्गुण**' भनिन्छ।

**प्रश्न**—संसारमा निराकारलाई निर्गुण र साकारलाई सगुण भन्दछन्। अर्थात् जब परमेश्वरले जन्म लिएको हुँदैन तब '**निर्गुण**' र अवतार लिदा '**सगुण**' भनिन्छ, होइन र?

**उत्तर**—यो कल्पना अज्ञानी र अविद्वान्हरूको मात्र हो। विद्या नजान्नेहरू पशुजस्तै मनपरी बक्-बक् गर्दछन्। सन्निपातका विरामीले जथाभावी बोलेजस्तै अविद्वान्ले भनेका वा लेखेका कुरालाई व्यर्थ सम्झनुपर्दछ, तिनलाई मान्नुहुन्न।

**प्रश्न**—परमेश्वर रागी छ वा विरागी छ?

**उत्तर**—न रागी, न विरागी कुनैपनि छैन। किनकि 'राग' आफूभन्दा भिन्न उत्तम पदार्थहरूमा हुन्छ। न त कुनै पदार्थ परमेश्वरभन्दा भिन्न छ, न उत्तम छ। यसकारण उसमा राग हुन सक्तैन। त्यस्तै प्राप्त पदार्थको



PDFill PDF Editor with Free Writer and Tools

त्याग गर्नेलाई विरक्त भनिन्छ। ईश्वर सर्वव्यापक हुनाले कुनै पदार्थलाई छोड्नैसक्तैन, यसकारण ऊ विरक्त पनि होइन।

**प्रश्न**—ईश्वरमा इच्छा छ वा छैन?

**उत्तर**—त्यस्तो इच्छा छैन। किनकि आप्राप्त, उत्तम र प्राप्तिबाट सुखविशेष हुने पदार्थ भए ईश्वरमा इच्छा हुने थियो। न त कुनै पदार्थ ईश्वरदेखि अप्राप्त छ, न उत्तम छ र पूर्ण सुखयुक्त हुनाले सुखको अभिलाषा पनि उसमा छैन। यस कारण ईश्वरमा कुनै किसिमको इच्छा त हुनैसक्तैन, हँ, ऊ ईक्षण गर्दछ अर्थात् सबै किसिमका विद्याको दर्शन र सम्पूर्ण सृष्टि बनाएर उसको यथावत् देखरेख भने ऊ गरिनैरहन्छ। इत्यादि संक्षिप्त विषयबाट नै विद्वानन्हरू विस्तारमा बुझ्नेछन्।

संक्षेपमा ईश्वर विषयमा लेखेर अब वेद विषय लेखिन्छ—

**यस्मादृचो अपातक्षन् यजुर्यस्मादपाकषन्। सामानि यस्य लोमान्यथर्वाङ्गिरसो मुखं स्कम्भन्तं ब्रूहि कतमः स्विदेव सः॥**

—अथर्ववेद। कां० १०। प्रपा० २३। अनु० ४। मं० २०

जो बाट ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद प्रकाशित भएका हुन्, त्यो कुनचाहिं देव हो? यसको **उत्तर**—सबैलाई उत्पन्न गरेर धारण गर्ने परमात्मा हो।

**स्वयम्भूर्याथातथ्यतोऽर्थान् व्यदधाच्छाश्वतीभ्यः समाभ्यः॥**

—यजुर्वेद। अ० ४०। मं० ८

स्वयम्भू! सर्वव्यापक, शुद्ध, सनातन, निराकार परमेश्वर नै सनातन जीवरूपी प्रजाका कल्याणका लागि यथावत् रीतिपूर्वक वेदद्वारा सबै विद्याका उपदेश गर्दछ।

**प्रश्न**—परमेश्वरलाई निराकार वा साकार के मान्दछौ?

**उत्तर**—निराकार मान्दछौं।

**प्रश्न**—परमेश्वर निराकार छ भने मुखबाट वर्णहरू उच्चारणविना वेदविद्या उपदेश कसरी हुन सक्योहोला? किनकि वर्ण उच्चारणका लागि तालु आदि स्थान र जिब्राको प्रयत्न त अवश्य हुनैपर्दछ।

**उत्तर**—परमेश्वर सर्वशक्तिमान् र सर्वव्यापक हुनाले आफ्नो व्याप्तिद्वारा जीवलाई वेदविद्याका उपदेश गर्न मुख आदि कुनै आवश्यकता पर्दैन। परमेश्वर निराकार, सर्वव्यापक हुनाले जीवमा रहेका स्वरूपद्वारा आफ्नो अखिल वेदविद्या उपदेश जीवात्मामा प्रकाशित गर्दछ। त्यसपछि त्यो मानिस आफ्ना मुखबाट उच्चारण गरेर अरूलाई सुनाउँदछ। यसकारण ईश्वरमा यो दोष लाग्नसक्तैन।



**प्रश्न**—परमेश्वरबाट क–कसका आत्मामा कहिले वेद प्रकाश गरियो त?

**उत्तर**—**अग्नेऋग्वेदो वायोयजुर्वेदः सूर्यात्सामवेदः॥**

—शतपथ, ११।५।८।३

प्रथम सृष्टि आदिमा परमात्माले अग्नि, वायु, आदित्य र अङ्गिरा ऋषिका आत्मामा एक–एक वेद प्रकाश गरे।

**प्रश्न**—

**यो वै ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्च प्रहिणोति तस्मै॥**

—यो उपनिषद्को (श्वेताश्वतर ६। १८।) वचन हो।

यस वाक्यबाट ब्रह्माजीका हृदयमा वेद उपदेश गरेको देखिन्छ, अनि किन अग्नि आदि ऋषिहरूका आत्मामा भनियो?

**उत्तर**—अग्नि आदिबाट ब्रह्मको आत्मामा स्थापित गराइएको हो। हेर, मनुस्मृतिमा के लेखिएको छ—

**अग्निवायुरविभ्यस्तु त्रयं ब्रह्म सनातनम्।**
**दुदोह यज्ञसिद्ध्यर्थमृग्यजुःसामलक्षणम्॥**

—मनुस्मृति १। २३

परमात्माले सृष्टि आदिमा मानिसलाई उत्पन्न गरेर अग्नि आदि चारै महर्षिहरूद्वारा चारै वेद ब्रह्मालाई प्राप्त गराए, अनि ब्रह्माले अग्नि, वायु, आदित्य र अङ्गिराबाट ऋग्, यजुः साम र अथर्ववेदलाई ग्रहण गरे।

**प्रश्न**—वेदको प्रकाश ती चार ऋषिहरूमा नै गरेर अरूमा नगर्नाले ईश्वर पक्षपाती भएन र?

**उत्तर**—सबै जीवहरूमा ती चार नै सर्वाधिक पवित्रात्मा थिए। अरू ती जस्ता थिएनन्। यसकारण पवित्र विद्याको प्रकाश तिनैमा गरेको हो।

**प्रश्न**—वेदको प्रकाश कुनै देशको भाषामा नगरेर संस्कृतम किन गरिएको हो?

कुनै देशका भाषामा वेद प्रकाश गरेको भए ईश्वर पक्षपाती हुन्थ्यो। किनकि त्यसो गर्दा जुन देशको भाषामा वेद प्रकाश गरिन्थ्यो त्यस देशवासीलाई वेद पढ्न पढाउन सजिलो हुन्थ्यो र विदेशीहरूलाई कठिनाइ पर्थो। यसैले संस्कृतमा नै प्रकाश गरेको हो। यो कुनै देशविशेषको भाषा होइन र वेदभाषा अरू सबै भाषाहरूकै कारण हो। त्यसैमा वेदका प्रकाश भयो। जसरी पृथ्वी आदि ईश्वर सृष्टि सबै देश र सबै



PDFill PDF Editor with Free Writer and Tools

देशवासीका लागि एकनास र सबै शिल्पविद्याकै कारण हो, त्यस्तै परमेश्वरका विद्याको भाषा पनि एकनासै हुनुपर्दछ। त्यसो हुँदा सबै देशवासीहरूलाई पढ्न–पढाउन समान परिश्रम लाग्ने हुनाले ईश्वर पक्षपाती होइन। सबै भाषाहरूका कारण पनि यही भाषा हो।

**प्रश्न**—वेद ईश्वरले नै बनाएका हुन्, अरूले होइन भन्ने कुराको के प्रमाण छ ?

**उत्तर**—ईश्वर पवित्र, सबै विद्या जान्ने, शुद्ध गुणकर्मस्वभाव भएका, न्यायकारी, दयालु आदि गुणशाली भएजस्तै ईश्वरका गुण, कर्म, स्वभाव अनुकूल कथन भए पुस्तक ईश्वरले नै बनाएका हो, अरूले होइन। सृष्टिक्रम, प्रत्यक्षादि प्रमाण तथा आप्त, पवित्रात्माको व्यवहार विरुद्ध कथन नहुनाले वेद ईश्वरद्वारा उपदिष्ट हुन्। ईश्वरको ज्ञान भ्रमरहित भए जस्तै भ्रान्तिरहित ज्ञान प्रतिपादन गरिएको पुस्तक ईश्वरोक्त हो। जस्तो परमेश्वर छ त्यस्तै सृष्टिक्रम रहेको, त्यस्तै ईश्वर, सृष्टि, कार्य, कारण र जीव प्रतिपादन भएको पुस्तक परमेश्वरोक्त हो, वेदमा प्रत्यक्ष आदि प्रमाण विषय विरुद्ध र शुद्धात्माको स्वभावविरुद्ध छैन। अरू बाइबल कुरान आदि यस्ता छैनन्। यस कुराको स्पष्ट व्याख्या बाइबल र कुरान प्रकरणमा तेह्रौं र चौधौं समुल्लासमा गरिनेछ।

**प्रश्न**—ईश्वरले वेद बनाउनुपर्ने आवश्यकतै देखिदैन किनभने मानिसहरू क्रमशः ज्ञान बढाउँदै गएर पछि पुस्तक पनि बनाइहाल्ने थिए।

**उत्तर**—कहिल्यै बनाउन सक्नेथिएनन्। किनभने कारण विना कार्योत्पत्ति हुनसक्तैन। जस्तै जङ्गली मानिस सृष्टिलाई देखेर पनि विद्वान् हुँदैनन् र उनलाई शिक्षा मिल्यो भने विद्वान् हुन्छन्। अहिले पनि कसैबाट शिक्षा नलिई कोही पनि विद्वान् हुँदैन। यसैगरी परमात्माले आदिसृष्टिका ती ऋषिहरूलाई वेद विद्या नपढाएको भए र उनीहरूले अरूलाई नपढाएको भए सबै अविद्वान् नै रहनेथिए। जस्तै कुनै बालकलाई जन्मेदेखि नै एकान्त ठाउँमा, अविद्वान्हरू वा पशुहरूसँग राखेमा त्यसको जस्तो सँगत हुन्छ त्यो बालक त्यस्तै नै हुन्छ। यसको दृष्टान्त जङ्गली भील आदि हुन्। जबसम्म आर्यावर्त्त देशबाट शिक्षा अन्यत्र गएको थिएन तब सम्म मिश्र, यूनान र यूरोप आदि देशका मानिसहरूमा कुनै पनि विद्या थिएन। इङ्गल्याण्डका कोलम्बस आदि व्यक्ति अमेरिकामा नगएसम्म पनि त्यहाँका मानिस हजारौं, लाखौं, करोडौं वर्ष देखि मूर्ख अर्थात् विद्याहीन थिए। पछि सुशिक्षा पाएर



PDFill PDF Editor with Free Writer and Tools

विद्वान् भएका हुन्। त्यस्तै परमात्माबाट सृष्टि आदिमा विद्या, शिक्षा पाएर उत्तरोत्तर कालमा विद्वान् हुँदै आएका हुन्।

**स पूर्वेषामपि गुरुः कालेनानवच्छेदात्॥**

—योगसूत्र, समाधिपाद २६

जसरी वर्तमान समयमा हामी अध्यापकसंग पढेर नै विद्वान् हुन्छौं त्यस्तै परमेश्वर सृष्टि आरम्भमा उत्पन्न भएका अग्नि आदि ऋषिहरूको गुरु हो। जसरी जीव सुषुप्ति र प्रलयमा ज्ञानरहित हुन्छन्, परमेश्वर त्यस्तो हुँदैन। उसको ज्ञान नित्य छ। यसकारण निमित्त नभई नैमित्तिक प्रयोजन कहिल्यै सिद्ध हुँदैन भन्नेकुरा निश्चित जान्नुपर्दछ।

**प्रश्न**—वेद संस्कृत भाषामा प्रकाशित भए, ती अग्नि आदि ऋषिहरू भने संस्कृत भाषा जान्दैनथिए, अनि उनीहरूले वेदको अर्थ कसरी बुझे त ?

**उत्तर**—परमेश्वरले बुझाएर। धर्मात्मा योगी महर्षिहरू जब–जब जुन–जुन कुराको अर्थ जान्ने इच्छाले ध्यानावस्थित भएर परमेश्वरका स्वरूपमा समाधिस्थ भए तब–तब परमात्माले अभीष्ट मन्त्रका अर्थ ज्ञानदिए। धेरैका आत्मामा वेदार्थ प्रकाश भएपछि ऋषिमुनिहरूले त्यो वेदार्थ र ऋषिमुनिहरूका इतिहास समेत राखेर ग्रन्थ बनाए। तिनको नाम ब्राह्मण अर्थात् ब्रह्म=वेद त्यसको व्याख्या गरिएका ग्रन्थ हुनाले ब्राह्मण नाम भएको हो। र—

**ऋषयो मन्त्रदृष्टयः मन्त्रान्सम्प्रादुः॥** —निरुक्त

जुन–जुन मन्त्रको अर्थ दर्शन जुन–जुन ऋषिलाई सर्वप्रथम भयो त्यस अघि त्यस मन्त्रको अर्थ कसैले प्रकाशित गरेको थिएन भने ती ऋषिले त्यसमन्त्रको अर्थ प्रकाशित गरे र अरूलाई पढाए। यसकारण हालसम्म पनि त्यस–त्यस मन्त्रसँग त्यस–त्यस ऋषिको नाम सम्झनाका लागि लेखिने गरिएको छ। कसैले ऋषिहरूलाई मन्त्र बनाउने बताउँछ भने त्यसलाई मिथ्यावादी सम्झनुपर्दछ। उनीहरू त मन्त्रका अर्थ प्रकाश गर्ने हुन्।

**प्रश्न**—कुन ग्रन्थको नाम वेद हो ?

**उत्तर**—ऋक्, यजुः, साम र अथर्व मन्त्रसंहिताहरूको नाम वेद हो, अरूको होइन।

**प्रश्न—मन्त्रब्राह्मणयोर्वेदनामधेयम्॥** इत्यादि कात्यायन आदिद्वारा बनाइएका प्रतिज्ञासूत्र आदिको अर्थ के गर्नेछौ ?

**उत्तर**—हेर, संहिता पुस्तकको प्रारम्भ, अध्यायको समाप्तिमा

सनातनकाल देखि नै 'वेद' शब्द लेखिएको छ र ब्राह्मण ग्रन्थको आरम्भ वा अध्यायको समाप्तिमा कतै वेद शब्द लेखिएको छैन। र निरुक्तमा—

**इत्यपि निगमो भवति। इति ब्राह्मणम्॥** —निरुक्त ५।३, ४

**छन्दो ब्राह्मणानि च तद्विषयाणि॥**

—यो पाणिनीय सूत्र (४।२।६६) हो।

यसबाटपनि वेद मन्त्रभाग र ब्राह्मण व्याख्याभाग हुन् भन्ने स्पष्ट ज्ञान हुन्छ। यस विषयमा विशेष हेर्न चाहेमा मैले लेखेको 'ऋग्वेदादिभाष्यभूमिका'मा हेर्नुहोला। त्यहाँ अनेकौं प्रमाणहरूका विरुद्ध हुनाले यो कात्यायनको वचन हुनसक्तैन भन्नेकुरा सिद्ध गरिएको छ। किनकि त्यसो मानेमा वेद सनातन कहिल्यै हुन सक्नेछैन किनभने ब्राह्मण ग्रन्थहरूमा धेरैजसो ऋषि महर्षि र राज आदिका इतिहास लेखिएकाछन् र जसको इतिहास हो त्यो त्यसको जन्मपछि लेखिन्छ। त्यो ग्रन्थ त्यसको जन्म पछिको हुन्छ। वेदमा इतिहास नभएर विशेषरूपमा जुन-जुन शब्दबाट विद्या बोध हुन्छ त्यहि-त्यहि शब्द प्रयोग गरिएको छ। कुनै व्यक्तिविशेषका नाम वा विशेषकथाको प्रसङ्ग वेदमा छैन।

**प्रश्न**—वेदका शाखा कति छन्?

**उत्तर**—एक हजार एकसय सत्ताइस।

**प्रश्न**—शाखा केलाई भनिन्छ?

**उत्तर**—व्याख्यालाई शाखा भनिन्छ।

**प्रश्न**—संसारमा विद्वान्हरू वेदका अवयवभूत विभागलाई शाखा मान्दछन् नि त?

**उत्तर**—अलिकति विचार गरे सब ठीक-ठीक बुझिनेछ। किनकि सबै शाखाहरू आश्वलायन आदि ऋषिहरूका नामबाट प्रसिद्ध छन् र मन्त्रसंहिता भने परमेश्वरका नामबाट प्रसिद्ध छन्। जसरी चारै वेद परमेश्वरकृत मानिन्छन् भने आश्वलायनी आदि शाखाहरू त्यस-त्यस नामकै ऋषिकृत मानिन्छन् र सबै शाखाहरूमा मन्त्रका प्रतीक राखेर व्याख्या गरिन्छ। जस्तै—तैत्तिरीय शाखामा '**इषे त्वोर्जे त्वेति**' इत्यादि प्रतिकहरू राखिएर व्याख्या गरिएको छ। वेद संहिताहरूमा भने कसैको प्रतीक राखिएको छैन। यसकारण परमेश्वरकृत चारै वेद मूलवृक्ष र आश्वलाय आदि सबै शाखा ऋषिमुनिकृत हुन्, परमेश्वरकृत होइनन्। यस विशेषको विशेष व्याख्या हेर्न चाहनेले 'ऋग्वेदादिभाष्यभूमिका'मा



हेर्नुहोला। जसरी आमा-बाबु आफ्ना सन्तानप्रति कृपादृष्टि राखेर उन्नति चाहान्छन् त्यस्तै परमात्माले सबै मानिसमाथि कृपागरेर वेदहरू प्रकाशित गरेको हो। जसबाट मानिस अविद्यारूपी अन्धकार, भ्रमजालबाट छुटेर विद्या, विज्ञानरूपी सूर्य समान भएर अति आनन्दमा रहून् र विद्या तथा सुख वृद्धि गर्दैजाऊन्।

**प्रश्न**—वेद नित्य छन् वा अनित्य छन्?

**उत्तर**—नित्य छन्। किनकि परमेश्वर नित्य हुनाले उसका ज्ञान आदि गुणपनि नित्य हुन्छन्। नित्य पदार्थका गुण, कर्म, स्वभाव नित्य र अनित्य द्रव्यका गुण, कर्म, स्वभाव अनित्य हुन्छन्। **प्रश्न**—के यो पुस्तक पनि नित्य हो?

**उत्तर**—होइन। किनकि पुस्तक त कागज र मसीबाट बनेको हो। सो नित्य कसरी हुनसक्तछ? तर शब्द, अर्थ र सम्बन्धभने नित्य हुन्।

**प्रश्न**—ईश्वरले ती ऋषिहरूलाई ज्ञान दिएको होला र त्यहि ज्ञानबाट उनीहरूले वेद बनाएहोलान्?

**उत्तर**—यज्ञ बिना ज्ञान हुँदैन। गायत्री आदि छन्द, षड्ज आदि र उदात्त, अनुदात्त आदि स्वरका ज्ञान सहित गायत्री आदि छन्दहरू निर्माण गर्न बाहेक कसैको सामर्थ्य नहुनाले ऋषिहरूले यस प्रकारको सर्वज्ञानयुक्त शास्त्र बनाउन सक्तैनन्। हँ, वेद पढेपछि व्याकरण निरुक्त र छन्द आदि ग्रन्थ ऋषिमुनिहरूले विद्या प्रकाशका लागि बनाएका हुन्। परमात्माले वेद प्रकाश नगरेमा कसैले केहीपनि बनाउन सक्तैनन्। यसकारण वेद परमेश्वरोक्त हुन्। यिनै अनुसार सबैले चल्नुपर्दछ। अनि कसैले कसैसँग 'तिम्रो मत के हो?' भनी सोधे यही उत्तर दिनुपर्दछ कि हाम्रो मत वेद हो अर्थात् जे जति वेदमा भनिएको छ, हामी त्यसैलाई मान्दछौं। अब यस पछि सृष्टि विषयमा लेखिनेछ। यो संक्षेपमा ईश्वर र वेद विषयमा व्याख्यान गरिएको हो।

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषाविभूषित ईश्वरवेदविषये सप्तमः समुल्लास सम्पूर्णः॥७॥**

PDFill PDF Editor with Free Writer and Tools